वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।

सम्पर्क : ०६५-५६३९०७, ९८५६०६०३७६

Email : bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

वर्ष ४५ अंक ०२ | २०८३ वैशाख ०२ गते बुधबार, नेपाल सम्वत् ११४६ April 15, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-




**पाहुनालाई खाजा :** तनहुँको बन्दीपुर गाउँपालिका-३ स्थित रामकोट गाउँमा पुगेका पाहुनालाई सालको पातबाट तयार गरिएको टपरीमा स्थानीय उत्पादन कोदोको सेलरोटी तयार गरी खाजा दिदै । मगर समुदायको वाहुल्यता रहेको रामकोटका बासिन्दाले ग्रामीण प्र्यटन प्रवर्द्धनका लागि होमस्टे (घरबास) कार्यक्रम सञ्चालन गर्दै आएका छन् भने गाउँपालिकाले पनि आवश्यक पूर्वाधारहरू बनाउँदै लगेको छ । ग्रामीण परिवेश, मौलिक रहनसहन, समृद्ध कला-संस्कृति तथा स्वादिलो अर्गानिक खानपानको अनुपम अनुभवसँगै न्यानो आतिथ्यताको अनुभूति गर्न आन्तरिक तथा वाह्य पर्यटक रामकोट पुग्ने गर्दछन् । यस्तै रामकोट लगायत बन्दीपुरका विभिन्न पर्यटकीय गाउँहरुमा पुग्नका लागि अहिले बन्दीपुरबाट "भिलेज सफारी" सेवाको समेत व्यवस्था गरिएको छ । *तस्विर : भञ्ज्याङ*

# आँवुखैरेनी र बन्दीपुरमा आजबाट भर्ना अभियान

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँका दुई स्थानीय तहले संघीय सरकारको निर्देशन विपरित नयाँ शैक्षिक सत्रका लागि विद्यालय भर्ना अभियान सञ्चालन गर्ने तथा नियमित पठन-पाठन गर्ने भएका छन् । आँबुखैरेनी र बन्दीपुर गाउँपालिकाले सोमबार एक सुचना जारी गर्दै नयाँ शैक्षिक सत्रका लागि आज बैशाख २ गतेबाट भर्ना अभियान सञ्चालन गर्ने जनाएका छन् ।



बन्दीपुर गाउँपालिका
Bandipur Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

आँबुखैरेनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

आँबुखैरेनी गाउँपालिका अन्तरगतका विद्यालयहरूलाई वैशाख २ गतेदेखि भर्ना अभियान सुरू गरी संगसंगै नियमित पठन-पाठन सञ्चालन गर्न निर्देशन दिइएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताए । उनले भने, 'गाउँपालिकाले आफ्नो शैक्षिक क्यालेन्डरअनुसार सबै सामुदायिक तथा संस्थागत विद्यालयलाई समयमै तयारी पूरा गर्न भनिएको छ ।'

'विद्यालयको शैक्षिक क्यालेन्डर अगाडि नै बनिसकेको छ। विद्यालय सञ्चालन गर्ने दिन २२० दिन पुर्‍याउने भनेर तयारी गर्दा १५ दिन पठनपाठनमा ढिलाई र आइतबारे बिदा सहित ८७ दिन भन्दा नपुग्ने देखियो', उनले भने, 'त्यसैले गर्दा सिङ्गो वर्षको शैक्षिक सत्र नै अप्ठ्यारोमा पर्ने भयो । अर्को पेट्रोलियम पदार्थले गर्दा समस्य पर्ने ठाउँ खासै छैन । त्यो भएर विद्यार्थीको शैक्षिक गतिविधिमा धक्का नपुगोस् भनेर यो निर्णय गरेका हौं ।'

यस्तै, बन्दीपुर गाउँपालिकाले पनि बैशाख २ देखि ८ गतेसम्म भर्ना अभियान र ९ गतेबाट नियमित पठनपाठन गर्न विद्यालयहरूलाई सूचना जारी गरेको छ ।

बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाका अनुसार गाउँपालिका भित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई बैशाख २ देखि बैशाख ८ गतेसम्म भर्ना अभियान सञ्चालन गर्न, शैक्षिक सत्र २०८३ को कार्ययोजना निर्माण गर्न, वार्षिक कार्यतालिका निर्माण तथा तयारी गर्न, विद्यार्थीको सिकाइ उपलब्धी सुधार सम्बन्धी योजना निर्माण गर्न र बैशाख ९ गतेदेखि नियमित पठनपाठन सञ्चालन गर्न निर्देशन दिएको छ ।

संघीय सरकारको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले २०८३ को भर्ना अभियान वैशाख १५ गतेबाट सुरू गरी २०८३ वैशाख २१ गतेबाट पठनपाठन सुरू गर्ने भनेतापनि नेपालको संविधान तथा प्रचलित कानुन अनुसार आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन सम्बन्धी अधिकार स्थानीय तहको भए बमोजिम स्थानीय तहको अवस्थालाई मध्यनजर गदै यी दुई पालिकाले आफ्नो शैक्षिक क्यालेन्डर अनुसार पठनपाठन सञ्चालन गर्न लागेको बताइएको छ ।

# २०८२ राजनीतिक 'सुनामी'को वर्ष

नारायण न्यौपाने र अशोक घिमिरे

राजनीतिक दृष्टिले वर्ष, २०८२ निकै उथलपुथलपूर्ण रह्यो । तर वर्षको अन्त्यतिर मुलुकको शान्ति, स्थायित्व र समृद्धिका लागि नयाँ जनादेशसहित स्पष्ट मार्गनिर्देश प्राप्त भयो । वर्ष २०८२ को मध्यतिर 'जेनजी' को विद्रोहपूर्ण आन्दोलनले एउटा मार्गबाट हिँडिरहेको राजनीतिलाई नयाँ शिराबाट अघि बढाउन हस्तक्षेपकारी भूमिका निर्वाह गरेको छ ।

जेनजी आन्दोलनकै बलमा तत्कालीन सरकार विस्थापन र प्रतिनिधिसभा विघटन भई पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा गठित नागरिक सरकारले फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गराएपछि मुलुकले नयाँ सरकार प्राप्त गऱ्यो । निर्वाचनमा विगतमा सत्तासिन तथा पुराना राजनीतिक दलहरु पराजित भई राष्ट्रिय स्वतन्त्र पार्टीले झन्डै दुईतिहाइको जनादेश प्राप्त गर्न सफल भयो ।



नेपालको लोकतान्त्रिक आन्दोलनको अगुवाइ गरिरहेका ती दलहरु वर्ष २०८२ को अन्त्यतिर राजनीतिक रुपमा खुम्चिन पुगेका छन्। नेपाली कांग्रेसमा विशेष महाधिवेशनबाट गगनकुमार थापाको नेतृत्वमा पार्टीभित्र बदलाव आएको छ भने यसअघि संस्थापनमा रहेको शेरबहादुर देउवा पक्ष असन्तुष्ट छ । कांग्रेसभित्रको आधिकारिताका मुद्दा अहिले पनि न्यायालयमा विचाराधीन छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले दोस्रो विधान महाधिवेशन र एघारौँ राष्ट्रिय महाधिवेशन यसै वर्ष सम्पन्न गरेको छ । पार्टीको नेतृत्वमा केपी शर्मा ओली पुनःनिर्वाचित भएको सन्दर्भ राजनीतिक पुस्तान्तरणको सवाल भने आलोचनाको घेराट मुक्त हुन सकेको छैन । प्रतिनिधिसभा निर्वाचनमा पराजयपश्चात एमालेभित्र विशेष महाविधेशन वा पुस्तान्तरणको बहस चर्किएको छ ।

दुई दर्जन बढी वाम घटक तथा राजनीतिक समूहलाई समाहित गरी निर्वाचनमा होमिएको नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले पनि निर्वाचनमा अपेक्षाकृत परिणाम ल्याउन सकेन । 'जनयुद्ध'बाट उदाएको तत्कालीन नेकपा (माओवादी) मूलधार रहेको पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सो पार्टी अहिले विशेष महाधिवशेनको तयारीमा जुटेको छ । सो पार्टीका प्रभावशाली मानिएका नेता जनार्नदन शर्मा, सुदन किरातीलगायतले नीति र नेतृत्वमाथि प्रश्न उठाउँदै दल परित्याग गरे ।

पुराना दलहरु आलोचित भएर नयाँ राजनीतिक दल ठूलो दलका रुपमा उदाउने वर्षका रुपमा २०८२ चित्रित भयो । विद्यमान निर्वाचन प्रणालीबाट कुनै एक दलको बहुमत नआइरहेको अवस्थालाई चिर्दै यसपटक रास्वपाले एक्लै १८२ स्थानमा विजयी हासिल गरेसँगै गठबन्धन गरी सरकार बनाउनुपर्छ भन्ने भाष्यलाई अन्त्य गरिदिएको छ । नेपालको संविधान, २०७२ जारी भएपश्चातका निर्वाचनमा कुनै एक दलले स्पष्ट बहुमत ल्याएको यो नै पहिलो पटक हो ।

निर्वाचनपूर्वको संकल्पबमोजिम सो पार्टीले वरिष्ठ नेता वालेन्द्र शाहलाई प्रधानमन्त्रीको जिम्मेवारीमा पदासिन गरायो । संसद् विघटन, निर्वाचन र नयाँ सरकार गठन यो वर्षको महत्त्वपूर्ण राजनीतिक घटनाका रुपमा स्थापित भयो । यही चैत १३ गते नेपालको संविधानको धारा ७६ (१) बमोजिम बहुमत प्राप्त दल रास्वपाका संसदीय दलका नेता शाह प्रधानमन्त्रीमा नियुक्त हुनुभयो ।

शाह नेतृत्वको वर्तमान सरकार तुलनात्मक रुपमा समावेशीयुक्त, उल्लेख्य युवा प्रतिनिधिमूलक र सानो आकारको रहेको छ भने सरकारले सुरूआती दिनदेखि नै निर्वाचनमा गरिएका वाचापत्रबमोजिम शासकीय सुधारसम्बन्धी १०० कार्यसूची कार्यान्वयनमा ल्याएको छ ।

प्रधानमन्त्री शाहले सत्ताको बागडोर सम्हालेसँगै विगतमा देखिएजस्ता कमीकमजोरी नदोहोरिने स्पष्ट संकेत देखिएको छ । यहाँस्थित कूटनीतिक नियोगको प्रमुख तथा राजदूत एक्लाएक्लै भेट नदिई सामूहिक भेटबाट नयाँ सरकारको प्राथमिकता र सन्देश प्रवाह गर्नुभएका प्रधानमन्त्री शाहले राज्य संयन्त्रको प्रणालीगत सुधारमा विशेष ध्यान केन्द्रित गरेको देखिएको छ ।

सरकारका यी सकारात्मक प्रयासहरुले वर्ष २०८२ को सुधारिएको राजनीति आगामी वर्षका लागि प्रेरणाको स्रोतका रुपमा रहने ठानिएको छ। शताब्दी पुरूष एवं राष्ट्रिय मानवअधिकार आयोगका पूर्वसदस्य गौरीशंकरलाल दास वर्ष २०८२ राजनीतिक 'सुनामी'का रुपमा देखिएको बताउनुहुन्छ । जनताको भावनाअनुसार सरकार अघि बढ्न सक्नुपर्छ भन्दै उहाँले वर्तमान सरकारले थालेका सुरूआती कदम अत्यन्त सकारात्मक रहेको बताउनुभयो।

निर्वाचनबाट गठित प्रतिनिधिसभाले यसबीचमा आफ्नो नेतृत्व पनि चयन गरेको छ । सभामुखमा डोलप्रसाद अर्याल र उपसभामुखमा रूबीकुमारी ठाकुर निर्वाचित भई संसदीय गतिविधिलाई

बाँकी अन्तिम पेजमा

# ऋषिङमा दुई पुल उद्घाटन, स्थानीय आवागमनमा सहजता

भञ्ज्याङ समाचारदाता/ऋषिङ

नयाँ वर्षको अवसर पारेर ऋषिङ गाउँपालिका-५ र ७ तथा ४ र ७ जोड्ने फलामे र झोलुङ्गे पुलको उद्घाटन गरिएको छ। गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले मंगलबार आयोजित एक कार्यक्रमबीच दुवै पुलको उद्घाटन गरेका थिए । वडा नं. ५ का वडाध्यक्ष बुद्धिमान रानामगरको सक्रियतामा एनजिओ नेटवर्क तनहुँले निर्माण सम्पन्न गरेका यी पुलहरु कुल ६६ लाख रूपैयाँ लागतमा बनेका हुन्। यसमध्ये एउटा पुल ३२ लाख र अर्को ३४ लाख रूपैयाँमा निर्माण गरिएको हो ।



उद्घाटन कार्यक्रम उपभोक्ता समितिका अध्यक्ष केशर बहादुर थापा र भो माया रानाको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा नेकपा एमाले तनहुँका अध्यक्ष हरिराज कँडेल, नेपाली कांग्रेस तनहुँका सदस्य मोहन गिरिलगायत स्थानीय नागरिकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

नवनिर्मित पुलहरुले स्थानीयवासीको आवागमन सहज बनाउनुका साथै सामाजिक तथा आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# नयाँ वर्ष, नयाँ ऊर्जा: पर्यटन प्रवर्द्धनको अवसर र चुनौती

नयाँ वर्ष वि.सं. २०८३ को आगमनसँगै देशका प्रमुख पर्यटकीय गन्तव्यहरूमा देखिएको चहलपहलले नेपालको पर्यटन क्षेत्र पुनः उत्साहजनक दिशातर्फ अघि बढिरहेको संकेत दिएको छ । विशेषतः पोखरा, बन्दीपुर, होमस्टे तथा धार्मिकस्थल जस्ता गन्तव्यमा देखिएको पर्यटकको उल्लेख्य उपस्थिति केवल मौसमी उत्साह मात्र होइन, सम्भावनाले भरिएको अवसर पनि हो । पोखराको लेकसाइड क्षेत्रमा आयोजना गरिएको फेवा नयाँवर्ष महोत्सवले नयाँ वर्षलाई सांस्कृतिक र आर्थिक गतिविधिसँग जोड्दै पर्यटनको नयाँ आयाम प्रस्तुत गरेको छ । रङ्गीचङ्गी सजावट, सांगीतिक कार्यक्रम, मौलिक झाँकी, खानाका परिकार र व्यापारिक स्टलहरूले तीन किलोमिटर क्षेत्रमा फैलिएको पोखराका सडक महोत्सवलाई जीवन्त बनाएको छ । फेवाताल वरिपरि केन्द्रित यो गतिविधिले पोखरालाई केवल प्राकृतिक सौन्दर्यको गन्तव्य नभई सांस्कृतिक उत्सवको केन्द्रका रूपमा समेत स्थापित गरिरहेको छ ।

यसैसँगै "पहाडकी रानी" भनेर चिनिने बन्दीपुरमा पनि नयाँ वर्ष मनाउन आउने आन्तरिक पर्यटकको भीडले ग्रामीण पर्यटनको सम्भावनालाई थप उजागर गरेको छ । परम्परागत घर, मौलिक संस्कृति र शान्त वातावरणले बन्दीपुरलाई फरक अनुभव खोज्ने पर्यटकका लागि आकर्षक बनाएको छ । यस्तै देवघाट धाम, छाब्दी बाराही मन्दिर र ताल बाराही मन्दिरजस्ता धार्मिक स्थलहरूमा देखिएको भीडले धार्मिक पर्यटनको महत्व पनि झल्काएको छ । यस्ता गतिविधिहरूले पर्यटन प्रवर्द्धनमा बहुआयामिक योगदान पुर्‍याउँछन् । पहिलो, यसले स्थानीय अर्थतन्त्र चलायमान बनाउँछ- होटल, रेष्टुराँ, यातायात, हस्तकला र कृषि उत्पादन सबै क्षेत्रमा प्रत्यक्ष प्रभाव पर्छ । दोस्रो, स्थानीय संस्कृति, परम्परा र पहिचानलाई जोगाउँदै विश्वसमक्ष प्रस्तुत गर्ने अवसर मिल्छ । तेस्रो, रोजगारी सिर्जना र उद्यमशीलताको प्रवर्द्धनमा यस्ता महोत्सवले महत्वपूर्ण भूमिका खेल्छन् ।

तर, यी उज्याला पक्षसँगै चुनौतीहरु पनि उत्तिकै गम्भीर छन् । पर्यटनको तीव्र वृद्धि व्यवस्थापनविहीन भयो भने वातावरणीय असर, फोहोर व्यवस्थापन, भीड नियन्त्रण, यातायात अव्यवस्था र सेवा गुणस्तरमा गिरावट आउन सक्छ । पोखराको लेकसाइड क्षेत्रमा अत्यधिक भीड हुँदा ट्राफिक जाम, ध्वनि प्रदूषण र फोहोर व्यवस्थापनको समस्या देखिनु यसको उदाहरण हो । त्यसैगरी, ग्रामीण गन्तव्यहरूमा पूर्वाधारको अभाव अर्को चुनौती हो । बन्दीपुर वा रामकोटजस्ता स्थानमा पर्यटकको चाप बढ्दा खानेपानी, सरसफाइ, सडक र स्वास्थ्य सेवाको पर्याप्त व्यवस्था नभए अनुभव कमजोर हुन सक्छ। यसले दीर्घकालीन रूपमा गन्तव्यको छवि प्रभावित पार्न सक्छ । अर्को महत्वपूर्ण पक्ष भनेको पर्यटनको दिगोपन हो। केवल मौसमी उत्सव र भीडमा केन्दित पर्यटनले दीर्घकालीन लाभ दिन सक्दैन। वर्षभरि पर्यटक आकर्षित गर्न सक्ने योजना, विविध गतिविधि र गुणस्तरीय सेवा आवश्यक हुन्छ। उदाहरणका लागि, साहसिक पर्यटन, कृषि पर्यटन, सांस्कृतिक होमस्टे, धार्मिक पदयात्रा जस्ता कार्यक्रमलाई व्यवस्थित रूपमा विकास गर्न सकिन्छ।

यसका लागि स्थानीय तह, निजी क्षेत्र र समुदायबीच सहकार्य अपरिहार्य छ। नीति निर्माणदेखि कार्यान्वयनसम्म समन्वय हुन सके मात्र पर्यटनलाई दिगो र समावेशी बनाउन सकिन्छ। स्थानीय समुदायको सक्रिय सहभागिता बिना पर्यटन विकास सम्भव छैन। उनीहरूलाई प्रत्यक्ष लाभ पुग्ने संरचना बनाउनुपर्छ, जसले पर्यटनप्रति स्वामित्व र जिम्मेवारीको भावना बढाउँछ । साथै, प्रचार-प्रसारको आधुनिक माध्यमलाई पनि प्रभावकारी रूपमा प्रयोग गर्नुपर्ने देखिन्छ । डिजिटल प्लेटफर्म, सामाजिक सञ्जाल र अन्तर्राष्ट्रिय नेटवर्कमार्फत नेपालका विविध गन्तव्यलाई विश्वसामु चिनाउन सकिन्छ । पोखराले अन्तर्राष्ट्रिय स्तरमा पहिचान बनाइसकेको भए पनि बन्दीपुर, रामकोट वा अन्य ग्रामीण गन्तव्यलाई अझ व्यापक रूपमा प्रवर्द्धन गर्न सकिन्छ । नयाँ वर्षको उत्साहले देखाएको यो पर्यटकीय चहलपहललाई क्षणिक उत्सवमा सीमित नराखी दीर्घकालीन रणनीतिमा रूपान्तरण गर्न सक्नु नै आजको आवश्यकता हो । व्यवस्थापन, पूर्वाधार विकास, सेवा गुणस्तर र वातावरणीय संरक्षणलाई सँगसँगै अघि बढाउन सके नेपालको पर्यटन क्षेत्रले आर्थिक समृद्धिको महत्वपूर्ण आधार तयार गर्न सक्छ । अन्ततः, नयाँ वर्ष केवल पात्रो परिवर्तन मात्र होइन- नयाँ सोच, नयाँ योजना र नयाँ प्रतिबद्धताको अवसर पनि हो । यही अवसरलाई सदुपयोग गर्दै पर्यटनलाई दिगो, समावेशी र प्रतिस्पर्धी बनाउने दिशामा अघि बढ्नु आजको समयको माग हो ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

# २०८२ सालको खेलकुदलाई फर्केर हेर्दा

♦ राजु सिलवाल

२०८२ सालमा नेपालको खेलकुद गतिविधि उपलब्धिका हिसाबले समग्रमा मिश्रित खालक रह्यो। एक वर्षको अवधिमा नेपालको सहभागिता विश्वस्तरीयदेखि विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा उल्लेख्य रूपमा भएको थियो । यस क्रममा केही अन्तर्राष्ट्रिय पदक भित्र्याउन नेपाली खेलाडी सफल भए । मुलुकभित्र आयोजित विविध खेलकुद प्रतियोगिताले खेलकुद क्षेत्रलाई व्यस्त बनायो । यस्तै खेलकुदलाई व्यावसायिकतातर्फ जोड्ने काममा पनि यस वर्ष केही उल्लेखनीय प्रयास भएका छन् । यद्यपि, यो वर्ष नेपाल ओलम्पिक कमिटीमा तालाबन्दी, अखिल नेपाल फुटबल सङ्घ (एन्फा)को निलम्बनजस्ता कार्यले नियमित खेलकुद गतिविधिमा अवरोध पुग्न गएको छ ।

### खेलाडी पनि सांसद

२०८२ सालको अन्ततिर नेपालको खेलकुद जगतले आफ्ना दुई सदस्यलाई संघीय संसद्को विधायकको रूपमा प्राप्त गर्‍यो । प्रतिनिधिसभाको निर्वाचनमा नुवाकोट क्षेत्र नं २ बाट निर्वाचित सांसद डा अच्चुतम लामिछाने पूर्वताइक्वाण्डो खेलाडी हुनुहुन्छ । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा लामिछानेले दक्षिण कोरियाबाट खेलकुद




विज्ञानमा पिएचडी उपाधि हासिल गर्नुभएको थियो । उहाँले राष्ट्रिय खेलकुद परिषद्मा खेलकुद विज्ञान विज्ञका रूपमा समेत कार्य गरिसक्नुभएको छ। सन् २०२४ मा माल्दिभ्समा भएको १५औं विश्व बडी बिल्डिङ च्याम्पियनसीपमा रजत पदक जित्न सफल खेलाडी रजनी श्रेष्ठ प्रतिनिधिसभामा सांसद बन्नुभएको छ । उहाँ पनि रास्वपाको समानुपातिकतर्फ सांसद पदमा निर्वाचित हुनु भएको छ । उहाँले सन् २०२३ मा ५५औं एसियन बडि बिल्डिङ च्याम्पियनसीपमा स्वर्ण पदकका साथै अन्य विभिन्न प्रतियोगितामा मुलुकका लागि पदक जितिसक्नु भएको छ । यसरी खेलकुद बुझेका व्यक्ति नै सांसद बनेपछि अब संसद्मा खेलाडीका मुद्दा उठाउन सहज भएको महसुस गरिएको छ ।

### क्रिकेटको कमाल

नेपालको खेलकुदको आधिकारिक संस्था राष्ट्रिय खेलकुद परिषदअन्तर्गत सयौं खेलका संघ भए पनि केही वर्षयता क्रिकेटले अन्य खेलका सङ्घलाई उछिन्दै आइरहेको छ। नेपाली क्रिकेट खेलाडीका लागि २०८२ साल अत्यन्त ब्यस्त वर्षका रूपमा बित्यो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूको सहभागितामा ब्यस्त रहेका नेपाली क्रिकेट खेलाडीहरूले यसपालि तेस्रोपटक 'टी ट्वाण्टी' विश्वकपमा सहभागिता जनाउनुलाई वर्षकै महत्वपूर्ण उपलब्धि मानिएको छ। नेपालले विश्वकपमा समग्रमा सुखद नतिजा हासिल गर्न नसके पनि विभिन्न खेलमा उचित मुकाबिला गर्न पछि नपरेको महसुस गरिएको थियो ।

नेपाली क्रिकेट टोलीका केही खेलाडीले व्यक्तिगत रूपमा उल्लेखनीय खेल प्रदर्शन गरेका थिए । तीन खेलमा हारेर प्रतियोगिताबाट बाहिरिसकेको नेपाली टिमले स्कटल्याण्डलाई सात विकेटले पराजित गरेर निरास भएका क्रिकेट प्रेमीहरूलाई पुनः उत्साहित बनाएको थियो । स्कटल्याण्डविरूद्ध विष्फोटक ब्याटिङ गरेर दिपेन्द्रसिंह ऐरीले मुलुककै लागि पहिलोपटक विश्वकपमा म्यानअफ दि म्याच पुरस्कार पाउनु भएको थियो । यसअघि विश्वकपको पहिलो खेलमै नेपाली टोली क्रिकेटको जन्मदाता तथा दुईपटक विश्व विजेता बनिसकेको इङ्ग्ल्याण्डलाई कडा चुनौती दिँदै चार रनको अन्तरले मात्र पराजित भएको थियो । त्यो ऐतिहासिक खेलले क्रिकेटप्रेमी दर्शकहरूको मन जितेको थियो । उक्त खेलमा नेपाली खेलाडीहरूको उच्च मनोबलको अन्तर्राष्ट्रिय टेलिभिजन प्रत्यक्ष प्रसारणका कमेण्टेटरहरूले खुलेरै प्रशंसा गरेका थिए ।

नेपाली टिमले यस वर्ष विश्वमै शक्तिशाली टिमको रूपमा परिचय बनाएको वेष्ट इण्डिजलाई 'टी ट्वाण्टी' त्रि-दिवसीय क्रिकेट शृङ्खलामा पराजित गरेर उपाधि हात पार्नुलाई पनि महत्वपूर्ण उपलब्धि मानिएको छ । संयुक्त अरब इमिरेटसको सारजहाँमा भएको उक्त शृङ्खलामा नेपालले तीनमध्ये दुई खेल जितेको थियो। यसबाहेक अन्य विभिन्न मुलुकका टिमसँग भएको जित पनि प्रशंसनीय छ ।

### करोडौं कमाइ

नेपालमा व्यावसायिक खेलको विकासका लागि महत्वपूर्ण माध्यमका रूपमा छोटै समयमा स्थापित हुन सफल नेपाल प्रिमियर लिग एनपिएल क्रिकेटको दोस्रो संस्करणमा नेपाल क्रिकेट सङ्घ क्यानले रू ४७ करोड ३६ लाखभन्दा बढी आम्दानी गर्नुलाई नेपालमा क्रिकेटको बढ्दो लोकप्रियतासँग तुलना गर्न सकिन्छ । निजी क्षेत्रको करोडौं लगानीमा बनाइएका फ्रेन्चाइज टिमहरूमा स्वदेश तथा विदेशका खेलाडीहरूको एकसाथ सहभागिता सो प्रतियोगिताको विशेषता रहेको थियो ।

एनपिएलमा सहभागी प्रत्येक टिमले ठूलो लगानी गरी विश्व क्रिकेट जगतमा आफ्नो पहिचान बनाइसकेका खेलाडीहरूलाई भित्र्याएका थिए । स्वदेशी खेलाडीहरूले समेत लाखौं रूपैयाँ पारिश्रमिक लिएर खेल्ने मौका पाएका थिए । यस्तो व्यावसायिक अभ्यास फुटबल, भलिबल, कबयीजस्ता खेलमा समेत हुँदै गएका छन् । आगामी दिनमा बढाउँदै अन्य खेलमा समेत यस्तो व्यावसायिक अभ्यास विस्तार गर्न सकिएको खण्डमा नेपालमा खेलेर बाच्न सकिने अवस्थाको सिर्जना गर्ने केही हदसम्म कम गर्न सहयोग पुग्न जानेछ। यसले आगामी दिनमा खेलाडीहरु रोजगारका लागि विदेशिने क्रम कम गर्न सहयोग गर्ने अपेक्षा गर्न सकिन्छ । रू २१ करोडभन्दा बढी खर्च भएको एनपिएल क्रिकेटबाट मात्र क्यानलाई नौ करोड रूपैयाँभन्दा बढी बचत गर्ने मौका मिलेको छ ।

### पूर्वाधार तयार

काठमाडौँको कीर्तिपुरस्थित क्रिकेट रङ्गशालाको स्तरोन्नति पनि यस वर्षको खेलकुदको उपलब्धि मानिएको छ। यसबाट मैदानस्तरीय हुनुका साथै दर्शकहरूको सिट क्षमतासमेत बढ्न गएको छ । राति पनि फ्लडलाइटको प्रकाशमा क्रिकेट प्रतियोगिता सञ्चालन हुनु अर्को ऐतिहासिक काम भएको छ । नेपालमा अब अन्तर्राष्ट्रियस्तरका क्रिकेट प्रतियोगिता राति पनि सञ्चालन गर्न सम्भव भएपछि आगामी दिनमा नेपाल अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजनाका लागि उपयुक्तस्थलका रूपमा विकास हुँदै जाने अपेक्षा गरिएको छ । दशौं हजार दर्शकलाई बस्ने सिटको व्यवस्था हुनुले धुले चौरमा बसेर क्रिकेट हेर्ने बानी परेका नेपाली दर्शकहरूलाई निकै राहत मिलेको छ । मूलपानीमा बनाइएको क्रिकेट मैदानमा पनि अन्तर्राष्ट्रिय प्रतियोगिताहरु बेलाबखत भइरहेका छन् ।

### महिलाको सफलता

नेपाली महिला क्रिकेट टोलीले पनि २०८२ सालमा आफूलाई सशक्त टिमका रूपमा प्रस्तुत गरेको थियो। महिला टोलीले पहिलोपटक टि ट्वाण्टी विश्वकप प्रवेशका लागि छनोट प्रतियोगितामा सफलता भने हात पर्न नसके पनि दाबेदारी प्रस्तुत गरेको थियो। महिला क्रिकेट टोली थाइल्याण्डको बैंककमा सन् २०२५ को मे महिनामा भएको एसियाली छनोटमार्फत शीर्ष दुईमा आफ्नो स्थान सुरक्षित गर्न सफल भएको थियो । त्यतिखेर उपविजेता बनेको नेपालले संयुक्त अरब इमिरेटस्लाई पराजित गर्दै विश्वव्यापी छनोटमा आफ्नो स्थान सुरक्षित गरेको थियो । नेपाली महिला टोलीले टि ट्वाण्टी अन्तर्राष्ट्रिय शृङ्खलामा मलेसियालाई उनीहरूकै गृह मैदानमा पराजित गरेर उपाधि जित्न सफल भएको थियो । प्रतियोगितामा सञ्चालन गरिएका पाँच खेलमध्ये नेपालले तीन खेल जितेर उपाधि कब्जामा लिएको थियो।

### नेत्रहीन पनि अगाडि

नेपालका नेत्रहीन खेलाडीहरूले क्रिकेटमा छोटै अवधिमा उल्लेखनिय प्रगति गरेका छन् । पुरूष नेत्रहीन खेलाडीहरूले केही वर्षअघि नै विश्वकपसम्म प्रतिस्पर्धा गरिसकेका छन् । नेपाली महिला टोलीले भारततथा श्रीलङ्कामा यसै वर्ष भएको पहिलो नेत्रहीन महिला टि ट्वाण्टी क्रिकेट विश्वकपमा उपविजेता बनेर ऐतिहासिक उपलब्धि हासिल गरेको थियो । नेपाल फाइनलमा भारतसँग सात विकेटले पराजित भएको थियो । कप्तान गीता पौडेलको नेतृत्वमा रहेको उक्त टिमलाई नेपाल क्रिकेट संघले रू १० लाख पुरस्कार प्रदान गरेर प्रोत्साहित गरेको थियो । यस्तै काठमाडौँ महानगरपालिकाले टिमका

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

| राशि | |
|---|---|
| मेष | अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका हुन सक्छ। खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला । |
| वृष | विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ । |
| मिथुन | परिस्थितिवश चिताएको काम रोकिन सक्छ । कामको मेसो नमिल्दा योजना अधुरै रहनेछ । |
| कर्कट | रिसाउने तथा काम बिग्रने डरले सताउनेछ । दीर्घकालीन योजनामा निर्णय लिन हतार नगर्नुहोला । |
| सिंह | प्रेम र मित्रताको बन्धन कसिनेछ भने विशेष उपहारले काममा उत्साह जगाउनेछ । |
| कन्य | आफ्ना विषयवस्तुमा अरूले दाबी गर्न सक्छन् । प्राप्त उपलब्धि जोगाउने प्रयास गर्नुहोला । |
| तुला | नियमित काममा साबिकजस्तै फाइदा भइरहनेछ। अरूका विषयमा चासो लिँदा झमेला आइलाग्न सक्छ । |
| वृश्चिक | परिबन्धले समस्या निम्त्याउन सक्छ। स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला। |
| धनु | नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ । |
| मकर | प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । |
| कुम्भ | परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ । अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला । |
| मीन | विगतका कमीकमजोरीलाई सुधार गर्ने मौका छ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । |

# २०८२ सालको खेलकुद ..........

खेलाडीहरूलाई जनही एक लाख नगद पुरस्कार प्रदान गरेको थियो।

**करातेमा कीर्तिमान**

नेपाली कराते खेलाडीहरूमध्ये सबैभन्दा सफल मानिएकी खेलाडी एरिका गुरूङको दोस्रोपटक विश्वस्तरीय प्रतियोगितामा रजत पदक प्राप्तिबाट २०८२ सालको सुखद अन्त्य हुन पुग्यो। चीनको सिचुवान प्रान्तमा भएको वर्ल्ड कराते फेडेरेशन डब्लु के एफ कराते वान प्रिमियर लिगमा उहाँले दोस्रोपटक रजत पदक पाउनु भएको थियो । काजकिस्तानकी सोफिया बेरूल्तसेभासँग भएको फाइनल प्रतिस्पर्धात्मक भिडन्तमा झिनो अन्तरले एरिकाको पराजय भएको थियो । यसअघि टर्कीको इस्तानबुलमा पनि एरिका सोही प्रतियोगिताको फाइनलमा उही खेलाडीसँग पराजित भएर रजत पदकमा सीमित हुनु परेको थियो। नेपाली कराते खेलाडी एरिका गुरूङले मुलुकलाई केही वर्षदेखि विभिन्न महत्वपूर्ण पदक दिलाउँदै आफूलाई अब्बल कराते खेलाडीका रूपमा प्रस्तुत गर्दै आइरहनुभएको छ। प्रशिक्षक कुशल श्रेष्ठको प्रशिक्षणमा एरिकाले तीन वर्षको अवधिमै विभिन्न महत्वपूर्ण अन्तर्राष्ट्रिय पदक जितिसक्नुभएको छ। एरियाले २०८२ सालमा लगातार जित्नुभएको रजत पदक नेपालले कराते खेलमा हालसम्म जितेको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय उपाधि मानिएको छ । अस्ट्रेलियन ओपन करातेजस्तो प्रतिष्ठित प्रतियोगितामा समेत स्वर्ण पदक जित्न सफल एरिकाले सन् २०२३ मा चीनको हान्झाउमा भएको एसियाली खेलकुदमा रजत पदक जितेर एसियाली खेलकुदमा रजत पदक जित्ने पहिलो नेपाली कराते खेलाडी बन्न सफ हुनुभएको थियो । अन्य केही कराते खेलाडीले पनि यसपालि स्वदेशमा पदक भित्र्याएका थिए ।

**ताइक्वाण्डोमा सम्मानित**

नेपालका ताइक्वाण्डो प्रशिक्षकलाई विश्वस्तरमै सम्मानित गरिएको प्रसङ्ग पनि उल्लेखनीय मानिएको छ । संयुक्त अरब इमिरेटसमा आयोजित विश्व ताइक्वाण्डो गला अवाड्समा नेपाली प्रशिक्षक कविराज नेगी लामालाई पारा ताइक्वाण्डो 'कोच अफ दि इयर सन २०२५' द्वारा सम्मानित गरिएको थियो । प्रशिक्षक लामाकै प्रशिक्षणमा नेपाली खेलाडी पलेशा गोवर्द्धनले पेरिसमा सन् २०२४ मा नेपालको लागि पहिलो पारा ओलम्पिक पदक जित्नुभएको थियो। उहाँकै प्रशिक्षणमा नेपाली खेलाडी रेणु तामाङले सन् २०२५ मा दुबईमा आयोजित युथ एसियन पारा खेलकुदमा कास्य पदक पाउनुभएको थियो । वैदेशिक प्रतिस्पर्धामा ताइक्वाण्डोमा यस वर्ष पनि केही पदक प्राप्त भएका थिए ।

**बक्सिङको महत्वपूर्ण पदक**

विश्व बक्सिङ च्याम्पियनसिपमा नेपालले यसै वर्ष पहिलोपटक पदक जित्न सफल भएको थियो। नेपालले सन् १९६४ मा पहिलोपटक ओलम्पिकमा बक्सिङ तथा एथलेटिक्समा भाग लिएर सहभागिता प्रारम्भ गरेको थियो । नेपालले विश्व बक्सिङ च्याम्पियनसिपमा पनि यसअघि विभिन्न पटक सहभागिता जनाइसकेको छ । तर यसवर्ष नेपालले पदक जित्नु सानो उपलब्धि होइन । संयुक्त अरब इमिरेटसमा भएको आइवा पुरूष विश्व च्याम्पियनसिप बक्सिङमा नेपालका मुक्केबाज चन्द्रबहादुर थापाले पहिलो पटक कास्य पदक जित्न सफल हुनु भएको थियो । ५४ केजी तौल समूहमा मुक्केबाज थापाले अर्मेनिया, इण्डोनेसिया र इरानका खेलाडीलाई पराजित गर्दै कास्य पदकको हकदार बन्नुभएको थियो । विश्व वरियतामा सातौं स्थानमा रहेका कजाकस्तानका खेलाडीसँग उहाँ पराजित हुनुभएको थियो ।

**४१ वटा विश्वस्तरीय पदक**

विसं २०८२ मा नेपालले पहिलोपटक विश्वस्तरीय प्रतियोगितामा अत्यधिक पदक जितेर कीर्तिमान कायम गरेको थियो । श्रीलङ्कामा भएको विश्व पावरलिफ्टिङ च्याम्पियनसिपमा नेपालको तर्फबाट भाग लिएका पुरूष तथा महिला खेलाडीहरूले कूल ४१ वटा पदक जितेर ऐतिहासिक उपलब्धि हासिल गरेको मान्न सकिन्छ । यसमा २६ स्वर्ण, १० रजत तथा पाँच कास्य पदक थिए। नेपाली खेलाडीहरूमध्ये डा जीतेन्द्रकुमार साह र तथा भेषकुमारी अस्लामीले दोहोरो स्वर्ण पदक जित्नुभएको थियो । यस प्रतियोगितामा नेपाली महिला तथा पुरूष दुवै टोली उत्कृष्ट टोली बन्न सफल भएको थियो । प्रतियोगिताका महिला सहभागीहरूमध्ये नेपालको प्रतिनिधित्व गर्नुभएका शर्मिला शाह सिनियरतर्फ तथा कल्पना खत्री जुनियरतर्फ बेष्ट लिफ्टर बन्न सफल हुनु मुलुकको खेलकुदका लागि गौरबमय क्षण थियो। यसबाहेक अन्य केही खेलमा पनि नेपाली खेलाडीहरूले अन्तर्राष्ट्रिय सफलता प्राप्त गरेका छन् ।

**फुटबलमा झेल**

२०८२ साल नेपाली फुटबलमा खासै उपलब्धि हासिल हुन नसके पनि नेपाली फुटबल क्षेत्रमा देखिएको आपसी विवाद चर्चामा भने रह्यो । अखिल नेपाल फुटबल संघ (एन्फा) तथा एन्फामा आबद्ध विभिन्न फुटबल क्लबबीचको मनोमालिन्यले फुटबल गतिविधि सञ्चालन हुन पाएन । एन्फाको वर्तमान कार्यसमितिको पदावधि समाप्त हुनुभन्दा अगाडि नै गर्न खोजिएको निर्वाचन विवादको जड थियो, जसले एन्फालाई निलम्बनको स्थितिसम्म लगेको थियो । राष्ट्रिय खेलकुद परिषद्ले एन्फालाई तीन महिनाका लागि निलम्बन गरेपछि नेपाललाई फिफाले नै निलम्बन गर्नसक्ने स्थिति सिर्जना हुनु मुलुकको फुटबल विकासका लागि उचित होइन ।

फिफाले एन्फालाई निलम्बन गरेमा नेपालको फुटबल विकासका लागि प्राप्त हुँदै आएको आर्थिक तथा प्राविधिक सहयोगको ढोका पनि बन्द हुन जानेछ । त्यसपछि नेपाल विश्वको फुटबल गतिविधिबाट स्वतः टाढिने सम्भावना आकलन गर्न सकिन्छ, जसको असर दीर्घकालीन रूपमा पर्न जाने निश्चित छ । एन्फाभित्रकै आपसी विवादकै कारण नेपाली महिला राष्ट्रिय फुटबल टोलीले थाइल्याण्डमा आयोजित फिफा सिरिज–२०२६ अन्तर्गत अन्तर्राष्ट्रिय मैत्रीपूर्ण सिरिज खेल्ने अवसर गुमाएको थियो । परिषद् तथा एन्फाबीचको विवाद तथा दशरथ रङ्गशालाको खराव अवस्थाको कारण एसियाली फुटबल महासङ्घले एएफसी एशियाकप २०२७ को छनोट खेल नेपालमा नगरी लाओसमा सारेको थियो । यसअघि नेपाल र हङकङबीचको मैत्रीपूर्ण खेल पनि नेपालमा हुन सकेको थिएन ।

**लिग स्थगितपछि अन्योल**

नेपालमा लामो समयदेखि शहीद स्मारक लिग फुटबल प्रतियोगिताको आयोजना हुँदै आइरहेको थियो । समग्र मुलुककै फुटबल विकासमा यस्ता महत्वपूर्ण प्रतियोगिताको योगदान रहेको छ। धेरै समय अवधिसम्म सञ्चालन हुने यस्ता प्रतियोगितामा खेलाडीहरूले धेरै खेलमा आफ्नो खेल कौशल देखाउने अवसर पाउँछन् । मुलुकमा व्यावसायिक खेलको विकासका लागि यसको योगदानलाई नकार्न सकिंदैन। निजी क्षेत्रका नेपाली फुटबल क्लबहरूले खेलाडीहरूलाई खेलेरै बाच्न सकिने अवस्थाको सिर्जना गर्नु सानो पहल होइन । अझ यसमा विदेशी खेलाडीलाई समेत समेटेर खेलको स्तर बढाउन क्लबहरूले प्रयास गरेका छन् ।

नेपालमा अझैसम्म खेलकुदमा लगानीका लागि उपयुक्त वातावरण नबनिसकेको अवस्थामा साधन र स्रोत जुटाउनु त्यति सहज छैन । पुरूषहरूको लिग फुटबल लामो समयदेखि सञ्चालन हुँदै आएको तथा हाल महिला लिग पनि सुरू हुनु सकारात्मक मान्न सकिन्छ । यस्तो अवस्थामा पुरूष तथा महिला दुवै लिग स्थगित हुनु उचित होइन। एन्फाले प्राविधिक कारण देखाउँदै लिग स्थगित गरेसँगै लिगमा खेलिरहेका विदेशी खेलाडीहरूको सहभागिता सम्बन्धमा अध्यागमन विभागले चालेको कदमले पनि क्लबहरु अन्यौलमा परेका छन् । कुनै पनि विदेशी खेलाडीहरूलाई श्रम स्वीकृति बिना राष्ट्रिय लिगमा खेलाउन नपाइने भएपछि ती खेलाडीहरूको निरन्तरताको समस्या उत्पन्न भएको छ ।

**साम्भाप्रतिको सद्भाव**

नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी साम्भाको घुँडामा लागेको गम्भीर चोटको उपचारका लागि फुटबलप्रेमीहरूले देखाएको सद्भाव पनि यो वर्ष चर्चित भयो । साम्भाले आफ्नो उपचारका लागि सहयोग गर्न आग्रह गर्नुभएको २४ घण्टाभित्रै मुलुक तथा विभिन्न देशबाट आवश्यक रकम जुटेको थियो । उहाँको उपचारका लागि नेपाली बैंक खातामा रू एक करोडभन्दा बढी रकम तथा विदेशी प्लेटफर्ममा रू ४५ लाख जम्मा भएको थियो। साम्भाले आफू अझ मजबुत भएर फर्किएर नेपाली जर्सीमा देशका लागि जित्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । साम्भा यसअघि फ्रान्समा स्थानीय क्लबसँग आबद्ध रहनुभएको थियो । नेपाली टिमको नेतृत्व सम्हालिसक्नुभएकी एन्जिला सुब्बा तुम्बापो ग्रिस तथा रेखा पौडेल साउदी अरेबियामा खेलिसक्नुभएको छ। जोर्डनमा व्यावसायिक खेल खेलेर आफ्नो क्लबलाई उपाधि दिलाउन सफल प्रिति राई पछिल्लोपटक कम्बोडियाको क्लबसँग आबद्ध हुनुभएको छ ।

**ओलम्पिक कमिटीको तालाबन्दी**

ललितपुरको सातदोबाटोस्थित नेपाल ओलम्पिक कमिटीको कार्यालयमा लामो अवधिसम्म ताला लगाइएको घटनाले पनि २०८२ सालमा नेपाली खेलकुद जगत्लाई तरङ्गित गरेको थियो । नेपाली खेलकुदको आधिकारिक निकाय राष्ट्रिय खेलकुद परिषद् तथा अन्तर्राष्ट्रिय खेलकुदमा नेपालको प्रतिनिधित्व गर्ने नेपाल ओलम्पिक कमिटीबीच यसअघि पनि विवाद भएका थिए तर यसपालिको विवादले जापानमा आगामी सेप्टेम्बरमा हुने एसियाली खेलकुदमा नेपालको सहभागिता झण्डै गुमेको थियो । अहिले दुवै पक्षबीच विवाद समाधान भई एसियाली खेलकुदमा नेपालको सहभागिता सुनिश्चित भएको छ । आगामी दिनमा पुनः सम्बन्धित निकायहरूबीच आपसी सदभाव बिग्रन नदिन उचित पहल हुनुपर्ने आवश्यकता छ ।

**रोकिएको राष्ट्रिय खेलकुद**

नेपालमा राष्ट्रिय खेलकुदको सुरूआत भएको चार दशक नाघिसकेको छ । तर प्रत्येक दुई–दुई वर्षमा हुनुपर्ने राष्ट्रिय खेलकुद हालसम्म नवौं संस्करणपछि हुन सकेको छैन । नेपाली खेलकुद इतिहासमा सबैभन्दा बृहत् खेलकुद महोत्सव मानिएको राष्ट्रिय खेलकुदको दशौं संस्करण २०८२ सालमा कर्णाली प्रदेशमा आयोजना गर्ने निश्चित गरिएको थियो । यस प्रकारको बृहत् खेलकुदका लागि सो प्रदेशका विभिन्न जिल्लामा भौतिक पूर्वाधारको निर्माण तथा मर्मतसम्भार गरिएको थियो । यसअघि पनि कर्णाली प्रदेशमा निश्चित गरिएको दशौं राष्ट्रिय खेलकुदको मिति सारिएको थियो । यसरी पटकपटक राष्ट्रिय खेलकुद सारिनाले खेलाडीहरूको सक्रिय खेल जीवनलाई प्रभावित पर्न गएको छ।

अन्त्यमा, २०८२ सालमा नेपाली खेलकुदले सामना गरेका कमी कमजोरीलाई नयाँ वर्ष २०८३ मा सुधार गर्दै विगतका दोहोरिन नदिन नेपालको खेलकुदको जिम्मेवार निकायहरु प्रयत्नशील हुनुपर्ने देखिएको छ । खेलकुदमा राजनीति हुनुहुँदैन। यसका हरेक गतिविधि पारदर्शी ढङ्गबाट अघि बढनुपर्छ। दूरगामी सोचबिना खेलकुदको समग्र विकास सम्भव नभएकाले यसलाई स्कूलस्तरदेखि नै जोड्न सरकारले विशेष ध्यान दिनुपर्ने देखिन्छ । यस्तै ओलम्पिक, एसियाली तथा दक्षिण एसियाली खेलकुदजस्ता महत्वपूर्ण खेलकुद प्रतियोगिता लक्षित गरेर पदक प्राप्तिको दीर्घकालीन योजना बनाउन पनि सम्बन्धित पक्षले प्राथमिकता दिनुपर्ने देखिन्छ ।

खेलकुदलाई रोजगारमूलक बनाई नेपालमा खेलेर पनि बाँच्न सकिने स्थितिको सिर्जना गर्न सरकारी अग्रसरता अपेक्षित मानिएको छ । यसो हुनसकेको खण्डमा मुलुकबाट बर्षेनी विदेशमा पलायन भइरहेका खेलाडीलाई रोक्न सकिने अवस्थाको वातावरण बन्न सक्दछ । खेलकुदको समयोचित विकासका लागि सरकारको प्रयासबाट सम्भव नहुने भएकोले निजी क्षेत्रसँगको साझेदारी नै आजको आवश्यकता हो । रासस

(लेखक खेल पत्रकार हुनुहुन्छ)

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com,
newsbhanjyang@gmail.com

काठमाडौं गंगालाल हस्पिटलका मुटुरोग विशेषज्ञ डा. मिर्लुङ पोलीक्लिनिक दमौलीमा

वैशाख ०४ गते शुक्रबार

१) काठमाडौं गंगालाल हस्पिटलका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी ढुंगाना**द्वारा स्वास्थ्य परिक्षण गरिन्छ । मुटुका धेरै रोगहरु हुन्छन् र प्रत्येक रोगका आफ्नै प्रकारका लक्षणहरु पनि हुन्छन् । मुटुरोगका अनगिन्ति लक्षणहरुमध्ये सबैले थाहा पाइराख्नुपर्ने जम्मा १२ वटा प्रमुख लक्षणहरु छन् । समयमै यी लक्षणहरू थाहा पाई उपचार गर्न सकेको खण्डमा ठूलो दुर्घटनाबाट बच्न सकिन्छ ।

*१) छातीको बिच भागमा दुख्ने, २) दम बढने, ३) खुट्टाहरू सुनिने, ४) घाटीको रक्त नली फुल्ने, ५) ओठ, जिब्रो, औलाका टुप्पा निलो हुने, ६) औलाका टुप्पाहरू बाक्ला र चाक्ला हुने, ७) टाउको दुख्ने चक्कर लाग्ने, ८) मुटुको धड्कन रोकिने वा छिट्टो चल्ने, ९) कफमा रगत देखा पर्ने, १०) जोर्नीहरू दुख्ने, सुनिन्ने र ज्वारो आउने, ११) हात, खुट्टा, ओठ आदीमा झडका दिदै अनियन्त्रित रूपमा चल्ने, १२) छातीमा हात राख्दा बिरालो कनेको जस्तो थर्केको महसुस हुने ।*

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

वन डढेलो रोकौं, वन, जङ्गल र जैविक विविधताको संरक्षण गरौं

वन डढेलोको कारणहरू
- चुरोट, विंडी तथा सलाईका काँटीहरु ननिभाई फाल्नु,
- खेतबारी तथा खरबारी सफा गर्न लगाएको आगो राम्रोसँग ननिभाउनु,
- वनभोज स्थलमा आगो ननिभाइ छोड्नु,
- जंगली जनावर भगाउन आगो लगाउनु,
- चट्याङ्गबाट आगो लाग्नु ।

वन जंगलमा आगजनी गर्ने र डढेलो लगाउनेलाई हुने दण्ड जरिवाना र कैदको व्यवस्था

वन ऐन २०७६, राष्ट्रिय निकुन्ज तथा वन्यजनतु संरक्षण ऐन २०२९ र मुलुकी अपराध (संहिता) ऐन २०७४ ले वन जंगल, वनस्पति, संरक्षित क्षेत्र र सार्वजनिक सम्पतिमा आगजनी गर्ने र डढेलो (आगो) लगाउने कार्यलाई कसुर मानेको छ । आगजनी वा डढेलो लगाउने कार्य गरेमा देहायको दण्ड जरीवाना र कैदको व्यवस्था गरेको छ ।
क) वन ऐन, २०७६ अनुसार हुने सजाय :
- राष्ट्रिय वनमा आगो लगाउने वा आगजनी हुन जाने कुनै कार्य गरेमा आगजानीबाट वनमा भएको सम्पूर्ण क्षतिको बिगो असुल गरी ३ बर्ष सम्म कैद वा ६० हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको
ख) राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार हुने सजाय :
- कसैले वनमा आगो लगाएमा र अरु कुनै प्रकारले हानी नोक्सानी पुऱ्याएमा १० हजार भन्दा बढीको बिगो भए बिगोको दोव्वर दोव्वर जरिवाना वा एक बर्ष कैद वा दुवै सजाय हुने व्यवस्था गरेको ।
ग) मुलुकी अपराध (संहिता) ऐन, २०७४ अनुसार हुने सजाय :
- संरक्षित कुनै वन्यजन्तु वा वनस्पतिको प्रजातिको अस्तित्व नै विनास गर्ने उद्देश्यले राष्ट्रिय निकुन्ज वा आरक्ष वा संरक्षण क्षेत्रमा आगो लगाएमा जन्मकैदको सजाय र बिगो बमोजिमको जरिवाना हुने ।
- कसैले सार्वजनिक कुनै सम्पतिमा आगो लगाई आपराधिक उपद्रव गरेकोमा २ बर्ष देखि ५ बर्षसम्म कैद र २० हजार देखि ५० हजार रुपैयाँसम्म जरिवाना हुने ।

वन डढेलोको असरहरू



रुखबिरुवा तथा वन्यजन्तुमा क्षती | पानीको मुहान सुक्दै जानु | जैविक विविधतामा ह्रास | कृषि उत्पादनमा कमी | वातावरणीय प्रदुषण | मानव वन्यजन्तु बिचमा द्वन्द्व

वन डढेलो रोक्ने उपायहरू




जनचेतना तथा प्रचार प्रसार | वन डढेलोसम्बन्धी विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, | वन व्यवस्थापन र अग्नी रेखा निर्माण | वन डढेलो अनुगमन र पहिचान गर्ने | काम सकिएपछि आगो निभाउने

जंगलमा डढेलो लागेमा तुरुन्त नजिको प्रहरी कार्यालय वा वन कार्यालयमा खबर गरी सबै मिली आगो नियन्त्रण गरौं ।

डिभिजन वन कार्यालय तनहुँ
थप जानकारीको लागि ९८५६०६३१३५, ९८५६०६५४१५ मा सम्पर्क गर्नुहोला

जंगल हाम्रो जीवन हो, विनासकारी डढेलोबाट वन जोगाऔं ।


जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ वैशाख ०२, बुधबार
April 15, 2026

# बन्दीपुर अस्पतालमा विस्तारित ओपिडी सेवा प्रभावकारी

**भञ्ज्याङ समाचारदाता**/बन्दीपुर

बन्दीपुर अस्पतालले सञ्चालन गरेको विस्तारित ओपिडी सेवाबाट एक वर्षमा २४ हजारभन्दा बढी नागरिक लाभान्वित भएका छन्। अस्पतालले वि.सं. २०८२ वैशाख १ गतेदेखि बिहान ७ बजेदेखि बेलुकी ८ बजेसम्म सेवा विस्तार गरेपछि यसको प्रभाव उल्लेख्य रूपमा देखिएको हो। एक वर्ष पूरा भएको अवसरमा सार्वजनिक गरिएको वार्षिक तथ्याङ्कअनुसार वैशाखदेखि चैत मसान्तसम्म कुल २४ हजार ३०४ जनाले ओपिडी सेवा लिएका छन्।

जसमध्ये १२ हजार ८७८ जना (५२.९९ प्रतिशत)ले नियमित समयमा सेवा लिएका छन् भने ११ हजार ४२६ जना (४७.०१ प्रतिशत) ले अतिरिक्त समयमा सेवा लिएका छन्। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. अनिल गिरीका अनुसार विस्तारित सेवाले कार्यालय समयमा भ्याउन नसक्ने कर्मचारी, विद्यार्थी, मजदुर, व्यापारी तथा गृहिणीका लागि निकै सहजता प्रदान गरेको छ। उनले भने, "एक वर्षको अनुभव उत्साहजनक छ। सेवाग्राहीको चाप हेर्दा सेवा अझ व्यवस्थित र प्रभावकारी बनाउँदै लैजान आवश्यक देखिएको छ।"




तथ्याङ्कअनुसार असोज र कात्तिक महिनामा अतिरिक्त समयमा सेवा लिनेको संख्या उल्लेख्य रूपमा बढेको देखिन्छ। हाल अस्पतालले कार्यालय खुल्ने दिन बिहान ७-१० बजे र दिउँसो २-बेलुकी ८ बजेसम्म तथा सार्वजनिक बिदा र शनिबार पनि बिहान ७-बेलुकी ८ बजेसम्म सेवा प्रदान गर्दै आएको छ। यो विवरण इमर्जेन्सी विभाग बाहेकको हो। विस्तारित ओपिडी सेवाले स्थानीय तहमा स्वास्थ्य सेवालाई पहुँचयोग्य बनाउँदै उदाहरणीय अभ्यासको रूपमा स्थापित हुँदै गएको छ।

गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाका अनुसार यस सेवाले व्यस्तताका कारण स्वास्थ्य परीक्षणबाट वञ्चित हुने अवस्थाको अन्त्य गर्दै नागरिकलाई सहज उपचारको पहुँच दिलाएको छ ।

# २०८२ राजनीतिक ......

रफ्तारमा अघि बढाउने क्रम सुरू भइसकेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक व्यवस्थाअनुरूप प्रतिनिधिसभाको निर्वाचनपछि संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नुभयो ।

यसै वर्षको भदौ २३ र २४ गते भएको युवापुस्ताको विद्रोहका क्रममा ७६ जनाको निधन भयो । ४५ जनालाई 'जेनजी सुशासन योद्धा' घोषित गरी राज्यका तर्फबाट राहत तथा क्षतिपूर्ति प्रदान गरियो । आन्दोलनकै क्रममा भदौ २४ गते नेपालको प्रमुख प्रशासकीय केन्द्र सिंहदरबारसहित संघीय संसद् भवन, सर्वोच्च अदालत, शीलतनिवास सहितका महत्त्वपूर्ण सम्पदा र संरचना जलेर क्षतिग्रस्त भए । सरकारी र निजी क्षेत्रका गरी करिब ७६ अर्ब रूपैयाँबराबरको क्षति भएको सरकारी आँकडाले देखाएको छ ।

वर्ष २०८२ मै चर्चित घटनाका रूपमा संघीय निजामती सेवा विधेयक रहन पुग्यो । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिबाट पारितका क्रममा विधेयकमा 'कुलिङ पिरियड'का सवालमा निजामती प्रशासनका मुख्यसचिवलगायत उच्च तहका कर्मचारीको राजनीतिक 'लबिङ' र समिति सभापतिको लापरवाही संसदीय इतिहासमा लज्जास्पद घटनाका रूपमा दर्ज भएको छ । यसै वर्षको प्रतिनिधिसभाको बैठकमा 'भिजिट भिसा'मा अनियमितता सम्बन्धी विषय ज्वलन्तरूपमा मात्रै उठेन, तत्कालीन गृहमन्त्री रमेश लेखकको राजीनामाको माग गरेर तत्कालीन प्रतिपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टीले लामो समय सदनमा अवरोधदेखि बहिष्कारसम्म गर्न पुगेको थियो ।

नवगठित सरकारले जेनजी आन्दोलनका घटनाको छानबिन गर्न गठित उच्चस्तरीय आयोगको सिफारिसका आधारमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएको सन्दर्भ पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चर्चाको विषयका रूपमा रह्यो । हाल उहाँहरु अदालतको आदेशबमोजिम हाजिरी जमानीमा रिहा हुनुभएको छ। जलवायु परिवर्तनका मुद्दामा विश्व समुदायलाई एकै मञ्चमा ल्याउन यसै वर्षको जेठको पहिलो साता काठमाडौँमा 'सगरमाथा संवाद' भव्य रूपमा सम्पन्न भयो । यस अन्तर्राष्ट्रिय सम्मेलनमार्फत नेपालले हिमालदेखि समुद्रसम्मको सुरक्षाको मुद्दालाई वैश्विक महत्व सृजना गर्न सफल भएको छ ।

**वर्ष २०८२ मा राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रका मुख्य घटनाक्रमः**

**वैशाख १३:** पूर्वस्वास्थ्य राज्यमन्त्री एवं नेपाली कांग्रेस काठमाडौँका पूर्वसभापति तीर्थराम डङ्गोलको ७७ वर्षको उमेरमा निधन।

**वैशाख १७:** पेसागत माग राखेर २९ दिनदेखि राजधानीकेन्द्रित सडक आन्दोलनमा उत्रेका शिक्षक तथा कर्मचारी र सरकारबीच नौ बुँदे सहमति

**वैशाख २३:** वामपन्थी नेता प्रदीप नेपालको ७१ वर्षको उमेरमा निधन ।

**जेठ ३:** सगरमाथा संवाद सम्पन्न, २५ बुँदे घोषणा ।

**जेठ ६:** नेपाल राष्ट्र बैंकको गर्भनरमा डा विश्व पौडेल नियुक्त ।

**जेठ ७:** भिजिट भिसामा मानव तस्करी गरेको आरोपमा अध्यागमनका सहसचिव तीर्थराज भट्टराई प्रहरी नियन्त्रणमा ।

**जेठ १३:** पर्वतारोही कामिरिता शेर्पाद्वारा ३१औँ पटक सगरमाथाको आरोहण गरी आफ्नै कीर्तिमानी भङ्ग।

**जेठ १५:** सरकारद्वारा आर्थिक वर्ष २०८२/८३ का लागि १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट प्रस्तुत।

**असार १:** नेपाल विद्युत् प्राधिकरणद्वारा बङ्गलादेश विद्युत् निर्यात सुरू ।

**असार २:** पूर्वमन्त्री एवं नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य ढुण्डीराज शास्त्रीको ९० वर्षको उमेरमा निधन ।

**असार ५:** दैलेखमा ११२ अर्ब घनमिटर प्राकृतिक ग्यास रहेको पुष्टि।

**असार १०:** सरकारद्वारा भिजिट भिसा प्रकरण छानबिनका लागि उच्चस्तरीय समिति गठन ।

**असार १५:** निजामती विधेयक प्रतिनिधिसभाबाट पारित ।

**असार २४:** नेपाल-चीन सीमानाका भएर बग्ने रसुवाको ल्हेन्देखोलामा अकस्मात् आएको बाढीमा परी नौ जनाको मृत्यु, १९ बेपत्ता ।

**साउन ९:** नेपाल सरकारद्वारा इरानको जेलमा थुनामा रहेका ४७ जना नेपाली महिलाको सकुशल उद्धार।

**भदौ २३:** काठमाडौँमा जेनजी पुस्ताले गरेको प्रदर्शनका क्रममा १९ जनाको मृत्यु । प्रदर्शन हिंसात्मक भई ठूलो संख्यामा युवाको ज्यान गएपछि नैतिकताका आधारमा गृहमन्त्री रमेश लेखकद्वारा पदबाट राजीनामा।

**भदौ २४:** प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदद्वारा सामूहिक राजीनामाको घोषणा ।

**भदौ २५:** ११ हजार ५०५ कैदी जेल फोडेर फरार ।

**भदौ २७:** राष्ट्रपति रामचन्द्र पौडेलद्वारा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त । प्रधानमन्त्रीको शपथग्रहणलगत्तै प्रतिनिधिसभा विघटनको सिफारिस। आठ राजनीतिक दलद्वारा प्रतिनिधिसभा विघटनप्रति असहमति।

**भदौ ३०:** सरकारद्वारा भदौ २३/२४ गतेको जेनजी आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने व्यक्तिलाई सहिद घोषणा तथा सहिद परिवारलाई १५ लाख रूपैयाँका दरले क्षतिपूर्ति उपलब्ध गराउने निर्णय ।

**असोज ५:** सरकारद्वारा भदौ २३ र २४ गतेको जेनजी आन्दोलनबारे उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग गठन ।

**असोज ८:** पुनर्निर्माण र निर्वाचनमा सरकारको ध्यान, सरकारी खर्चमा व्यापक कटौती गर्ने निर्णय ।

**असोज १०:** राष्ट्रिय मानवअधिकार आयोगद्वारा भदौ २३ र २४ गतेको जेनजी पुस्ताको प्रदर्शनका क्रममा भएको घटनाको अनुगमन प्रतिवेदन सार्वजनिक । सरकारद्वारा सेवानिवृत्त भइसकेका पूर्वराजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई प्रचलित कानुनमा उल्लेख भएका स्वीकृत मापदण्ड बमोजिमबाहेकका सुविधा कटौती ।

**असोज १२:** भदौ २३/२४ गतेको जेनजी आन्दोलनका सन्दर्भमा जाँचबुझ एवं अध्ययन गर्न गठित उच्चस्तरीय न्यायिक जाँचबुझ आयोगद्वारा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसहित पाँच जनालाई विदेश भ्रमणमा रोक लगाउन पत्राचार।

**असोज २१:** सरकारद्वारा असोज १७ देखि १९ गतेसम्म परेको अविरल वर्षाका कारण आएको बाढीपहिरोबाट घरबास गुमाएकालाई तत्काल अस्थायी आवास निर्माणका लागि अनुदान दिने निर्णय ।

**असोज २८:** पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाद्वारा कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति पूर्णबहादुर खड्कालाई प्रदान ।

**कात्तिक १:** जिल्ला प्रशासन काठमाडौँद्वारा विभिन्न स्थानमा दुई महिनासम्म भेला, प्रदर्शन, धर्ना र जुलुसजस्ता विरोधका कार्यक्रम गर्न निषेध घोषणा ।

**कात्तिक १२:** प्रतिनिधिसभा विघटन र सरकारविरूद्ध रिटमा अन्तरिम आदेश जारी गर्न सर्वोच्च अदालतद्वारा अस्वीकार ।

**कात्तिक १७:** सरकारद्वारा जेनजी आन्दोलनका क्रममा काठमाडौँसहित विभिन्न जिल्लामा मृत्यु भएका ४५ जनालाई सहिद घोषणा ।

**कात्तिक १९:** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) सहित १० वाम पार्टीबीच एकता घोषणा ।

**मङ्सिर ४:** राष्ट्रिय सुरक्षा परिषद् बैठकले आगामी फागुन २१ हुने प्रतिनिधिसभा निर्वाचनको सुरक्षार्थ नेपाली सेना परिचालन गर्न मन्त्रिपरिषद्लाई सिफारिस ।

**मङ्सिर २५:** मन्त्रिपरिषद्बाट सरकार-जेनजी सम्झौता अनुमोदन, प्रधानमन्त्री र जेनजी प्रतिनिधिबीच भएको १० बुँदे सम्झौता राजपत्रमा प्रकाशित गर्ने निर्णय ।

**मङ्सिर २९:** सरकारद्वारा फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन सुनिश्चित गर्न विभिन्न राजनीतिक दल र सरोकारवालासँग वार्ता गर्न उच्चस्तरीय राजनीतिक संवाद समिति गठन ।

**पुस ३:** नेपाल कम्युनिस्ट पार्टी (एमाले)को ११औँ अधिवेशनबाट अध्यक्ष पदमा पुनः केपी शर्मा ओली निर्वाचित ।

**पुस १३:** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र काठमाडौँ महानगरपालिकाका प्रमुख वालेन्द्र (बालेन) शाहबीच सात बुँदे सहमति ।

**पुस १७:** नेपाली कांग्रेसको १५औँ अधिवेशन स्थगित ।

**पुस १८:** नेपाली कांग्रेसको १४औँ महाधिवेशनबाट निर्वाचित कार्यसमितिको पदावधि २०८३ जेठ मसान्तसम्म थप्दै १५औँ महाधिवेशन आगामी वैशाखमा गर्ने निर्णय ।

**पुस २०:** भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगले नेकपा (एमाले)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको बयान ।

**पुस २६:** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सँग एकता भएको १२ दिनमै छुट्टिएर पूर्वमन्त्री कुलमान घिसिङ उज्यालो नेपाल पार्टीको अध्यक्षको जिम्मेवारीमा ।

**पुस २७:** नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशन प्रारम्भ ।

**माघ २:** निर्वाचन आयोगद्वारा नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनबाट निर्वाचित सभापति गगनकुमार थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई वैधानिकता र आधिकारिक मान्यता प्रदान ।

**माघ ४:** नेपाली कांग्रेसको आन्तरिक विवाद अदालतमा प्रवेश ।

**फागुन २१:** मुलुकभर एकैसाथ शान्तिपूर्ण रूपमा प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न ।

**चैत ११:** राष्ट्रपतिसमक्ष प्रतिनिधिसभाका ज्येष्ठ सदस्यका रूपमा नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीको शपथ ।

**चैत १२:** प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीसमक्ष सांसदहरूको शपथ ।

**चैत १३ :** राष्ट्रिय स्वतन्त्र पार्टीका संसदीय दलका नेता वालेन्द्र शाह प्रधानमन्त्रीमा नियुक्त, १५ सदस्यीय मन्त्रिमण्डल गठन ।

**चैत १४:** तत्कालीन पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखक अनुसन्धानका लागि प्रहरी नियन्त्रणमा।

**चैत २२:** प्रतिनिधिसभाको सभामुखमा डोलप्रसाद अर्याल निर्वाचित ।

**चैत २६:** पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई हाजिर जमानीमा छाड्न अदालतको आदेश ।

**चैत २७:** राष्ट्रपति रामचन्द्र पौडेलबाट संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन । रासस

## facebook twitter



**Muma Ram Khanal**
x.com/MumaRamKhanal

समुचित गृहकार्य र प्रयाप्त कानुनी आधार बिना गरिने गिरफ्तारीले अन्तत प्रत्युत्पादक परिणाम निम्त्याउँछ। धेरै 'ठूला' गिरफ्तारीमा गृहमन्त्रीको गृहकार्य सून्य देखियो । जसले परिणामभन्दा बढी सनसनी मात्र पैदा गर्यो। गृहमन्त्रीले त इतिहास किन पो पढ्लान् र! बालेन्द्र सरकारका सल्लाहकारहरूले यो दृष्टान्त पढेर उनलाई सुनाउन सक्छन् है।

सन् १९७७ को भारतीय निर्वाचनमा तात्कालिन 'जनता पार्टी'ले इन्दिरा गान्धीको सरकारलाई हराएर सत्ता सम्हाल्यो। र, इन्दिरा गाँधीले सन् १९७५ लगाएको 'इमर्जेन्सी' कालमा सत्ताको दुरूपयोग गरेको आरोपमा इन्दिरा गान्धीलाई कारवाही गर्नुपर्ने दबाब बढ्यो। यौटा समुहले 'गान्धीलाई गिरफ्तार गर्न सक्यौ भने हिरो हुन्छौ' भनेर गृहमन्त्री चौधरी चरणसिंहलाई उक्सायो। 'हिरो बन्नको लागि' चरणसिंहले इन्दिरा गान्धीलाई पक्राउ गरे। तर निम्छरो तयारी तथा कांग्रेस कार्यकर्ताको ठूलो दबाबको कारणले अदालतले उनलाई तुरुन्तै रिहा गर्यो। गृहमन्त्रीको उक्त कदम प्रतिशोधपूर्ण र प्रशासनिक अक्षमताको प्रतीक प्रमाणित बन्न पुग्यो। परिणाम, भारतीय जनमत इन्दिरा गान्धीप्रति सहानुभूति राख्ने ठाउँमा मोडियो। सरकारको नैतिक तथा राजनीतिक विश्वसनीयता स्वाट्टै घट्यो। जसले भित्रैदेखि विभाजित 'जनता पार्टी'लाई अझ कमजोर बनाउँदै लग्यो। अन्ततः सन् १९८० को निर्वाचनमा इन्दिरा गान्धीको पुनरागमनको आधार तयार मात्र गरेन, जनता पार्टीको पराजय र विघटन पनि सँगसँगै गर्यो।

सत्ता जिम्मेवार हुन्छ। उट्पट्यांग कुरालाई पनि ताली ठोकेर वाहवाही गर्ने 'हुँडार'को समुह त यता एक्सतिर मात्रै हो, पाइने ।

# व्यासले मनायो स्थापना दिवस

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास नगरपालिकाले ३४औं स्थापना दिवस विविध कार्यक्रम गरी मनाएको छ । स्थापना दिवसका अवसरमा सोमबार दमौलीमा आयोजित कार्यक्रममा नगरपालिकाले कक्षा १० मा उत्कृष्ट नतिजा हासिल गर्ने १४ वटै वडाका शिक्षक, विद्यार्थी, उत्कृष्ट कृषक, कर्मचारी, पत्रकार लगायतलाई सम्मान गरेको छ ।



यस्तै, उक्त अवसरमा आयोजित कार्यक्रमका वक्ताहरूले नगरको समग्र विकासलाई नयाँ चरणमा पुऱ्याउन ठूला र दीर्घकालीन परियोजना सञ्चालन गर्नुपर्ने बताएका छन् । वक्ताहरूले हालसम्मका उपलब्धिहरूको समीक्षा गर्दै आगामी दिनमा अझ व्यवस्थित, योजनाबद्ध र दिगो विकासतर्फ उन्मुख हुनुपर्ने सुझाएका थिए ।

कार्यक्रममा राष्ट्रिय सभा सदस्य सुरेश आले मगरले स्थानीय तहले अब साना तथा टुक्रे योजनाभन्दा माथि उठेर ठूला पूर्वाधार र रूपान्तरणकारी परियोजनामा ध्यान दिनुपर्नेमा जोड दिए ।

जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेले नगरपालिकाले पछिल्लो अवधिमा सडक, खानेपानी, शिक्षा तथा स्वास्थ्य लगायत क्षेत्रमा महत्वपूर्ण प्रगति हासिल गरेको बताए । तर, जनताका आकाङ्क्षा र आवश्यकताअनुसार अझै धेरै कामहरु बाँकी रहेको उल्लेख गर्दै उनले विकासको गति थप प्रभावकारी बनाउन समन्वय, पारदर्शिता र उत्तरदायित्व आवश्यक रहेको बताए।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. जगदीशचन्द्र पोखेल, व्यास नगरपालिकाका प्रथम नगर प्रमुख ताराप्रसाद श्रेष्ठ लगायतले आ-आफ्ना विचार व्यक्त गरेका थिए।

व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले नगरपालिकाले सीमित स्रोत, साधन र बजेटका बाबजुद जनताका असीमित आकाङ्क्षलाई सम्बोधन गर्ने प्रयास गरिएको बताए ।

लोकतन्त्र दिवस, २०८२

- संविधानको मर्म र मूल्यलाई आत्मसात् गरौ,
- नागरिक अधिकारसंग कर्तव्य पनि पूरा गरौं,
- विधिको शासन र पारदर्शितालाई बलियो बनाऔं,
- सहिष्णुता, समावेशिता र समानताको अभ्यास गरौं,
- भ्रष्ट्राचार र अन्यायका विरूद्ध सचेत रहौं,
- लोकतान्त्रिक मूल्य-मान्यता संरक्षणमा योगदान दिऔं

सबल लोकतन्त्र, समृद्ध राष्ट्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४